(२) पर्यटन विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सीसीएमसीसँग समन्वय गरी होटल क्वारेन्टिन व्यवस्थापन कार्यविधि कार्यान्वयन गर्नुपर्नेछ।

५. <u>अन्तराष्ट्रिय उडानबाट नेपाल आउने यात्रुहरूले पालना गर्नुपर्ने शर्तहरु:</u> (१) एअरलाइन्सले हवाई यात्राको लागि यात्रुको चेक इन गर्नु अघि पछिल्लो ७२ (बहत्तर) घण्टाभित्रको फोटो एवं Barcode/QR Code सहितको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र सीसीएमसी को वेबसाइटमा रहेको Abroad Returnee Management System फाराम भरेको यकिन गरेपछि मात्र यात्रुहरूलाई पहिलो चेक इन गराउनु वा हवाई उडानबाट नेपाल ल्याउनु पर्नेछ।

तर, फोटो एवं Barcode/QR Code सहितको कोभिड-१९ परीक्षणको रिपोर्ट जारी नहुने मुलुकको हकमा सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनीतिक नियोग समेतको सहयोगमा परीक्षण रिपोर्टको ढाँचा अग्रिम रूपमा प्राप्त गरी सोहीबमोजिमको परीक्षण रिपोर्ट यात्रुको साथमा हुनुपर्नेछ।

(२) विदेशबाट नेपाल आगमन गर्ने यात्रुले यात्रा गर्नु अघि Abroad Returnee Management System अनलाइन फाराम भरी सोको Barcode प्रिन्ट गरी साथै लिएर आउनु पर्नेछ। विशेष परिस्थितिका कारण यात्रा शुरु गर्नु अघि अनलाइन फाराम भर्न नसकेका यात्रुहरूको हकमा उडानको लागि चेक इन गर्नु अघि सो अनलाइन फाराम भर्नु भराउनु पर्नेछ। चेक इन गर्नु अघि अनलाइन फाराम भर्न सम्भव नभएकाको हकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा सम्बन्धित वायु सेवाले नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हुने स्वास्थ्य परीक्षण अगावै फाराम भर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्थाबारे सम्बन्धित कुटनीतिक नियोगले नेपाल आउन इच्छुक यात्रुलाई जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको प्रक्रिया पूरा गरी नेपाल आएका यात्रुहरूलाई विमानस्थलको हेल्थ डेस्कमा स्क्रिनिङ्ग गर्दा कोभिड-१९ को लक्षण नभएमा यस दफाको उपदफा (८), (९) र (१०) मा उल्लिखित अवस्था बाहेकका यात्रु ७ (सात) दिनसम्म निजले बुक गरेको दफा ४ बमोजिम सूचीकृत होटलमा अनिवार्य रूपमा क्वारेन्टिनमा बस्नु पर्नेछ। वैदेशिक रोजगारीमा गएका र करार अवधि समाप्त भई नेपाल फर्किने नेपालीहरूले अग्रिम होटेल बुक नगरेको अवस्थामा दफा ४ बमोजिम सूचीकृत होटेल क्वारेन्टिनमा बस्नुपर्नेछ। कुनै शंकास्पद लक्षण देखिएमा हेल्थ डेस्कबाट आईसोलेशन सेन्टर वा अस्पतालमा पठाइनेछ। होटेल क्वारेन्टिनमा पठाइएका यात्रुको विवरण सम्बन्धित जिल्लाको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र डीसीसीएमसीमा पठाउनुपर्नेछ।